# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, वैशाख ९ गते २०४३ साल ( अतिरिक्ताङ्क २

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भंसार ऐन, २०१९ को दफा ९ को उपदफा (२) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी खण्ड ३४ मिति २०४१।५।५ अतिरिक्ताङ्क २५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा देहायबमोजिम संशोधन गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. दफा ३ को दोस्रो हरफमा रहेको "जम्मा रू. २,०००।–" भन्ने अङ्कहरूको सट्टा "जम्मा रू. १,०००।–" भन्ने अङ्कहरू र उक्त दफाको चौंथो हरफमा रहेको "रू. २,०००।–" भन्ने अङ्कहरूको सट्टा "रू. १,०००।–" भन्ने अङ्कहरू राखिएका छन् ।

२. दफा ६ को पाँचौं हरफमा रहेको "रू. २,०००।–" भन्ने अङ्कहरूको सट्टा "रू. १,०००।–" भन्ने अङ्कहरू राखिएका छन् ।

आज्ञाले
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।